प्रभुमा जबर हुन बाइबल पढ्न अनिवार्य भएकोले, येशुभक्तले त्यसमा वचनबद्धता जनाउन हरेक दिन पढेको छु भनेर टिक (√) चिन्ह लगाउनु होला।

| अध्याय / बार | | शबाथ | आइतबार | सोमबार | मंगलबार | बुधबार | बिहिबार | शुक्रबार |
|---|---|---|---|---|---|---|---|---|
| १ | अषाढ १२-१८(जुन २६-जुलाई २) | | | | | | | |
| २ | अषाढ १९-२५(जुलाई ३-९) | | | | | | | |
| ३ | अषाढ २६-३२(जुलाई १०-१६) | | | | | | | |
| ४ | श्रावन १-७(जुलाई १७-२३) | | | | | | | |
| ५ | श्रावन ८-१४(जुलाई २४-३०) | | | | | | | |
| ६ | श्रावन १५-२१(जुलाई ३१-अगस्त ६) | | | | | | | |
| ७ | श्रावन २२-२८(अगस्त ७-१३) | | | | | | | |
| ८ | श्रावन २९-भदौ ४(अगस्त १४-२०) | | | | | | | |
| ९ | भदौ ५-११(अगस्त २१-२७) | | | | | | | |
| १० | भदौ १२-१८(अगस्त २८-सेप्टेम्वर ३) | | | | | | | |
| ११ | भदौ १९-२५(सेप्टेम्वर ४-१०) | | | | | | | |
| १२ | भदौ २६-आश्विन १(सेप्टेम्वर ११-१७) | | | | | | | |
| १३ | आश्विन २-८(सेप्टेम्वर १८-२४) | | | | | | | |

# रोमीहरुलाई लखिएको पुस्तकमा येशूले दिने मुक्ति

# Redemption in Romans

लेखकः

**डन एफ. न्युफिल्ड**

अनुवादक

**भजुराम श्रेष्ठ**

पब्लिशिङ्ग डिपार्टमेन्ट

अभ्

सेभेन्थ-डे एडभेन्टिस्ट चर्च,

नेपाल फिल्ड

(Publishing Department of Seventh-Day Adventist Church, Nepal Field)

यस बाइबल अध्ययनका मुख्य सम्पादकीय कार्यालय:
१२५०१ ओल्ड कोलम्विया पाईक, स्प्रिङ्गफिल्ड,
मेरिलाण्ड, २०९०४, संयुक्त राज्य अमेरिका
सम्पादक: सोराया होनायुरी, सहयोगी सम्पादकः जर्ज ब्लेसर र एस्थर डोस
प्रकाशक अधिकृत: ली अलेक्जेण्डर ग्रीभ
नेपाली भाषामा ईन्टरनेटमा प्रस्तुत गर्नेः जितेन्द्र श्रेष्ठ
ईन्टरनेट वेबसाईट : **www.nepalworks.com/bhajupurna**

**प्रतिलिपि अधिकार © जनरल कनफरेन्स अभ सेभेन्थ डे एडभेन्टिस्ट चर्च, शवाथ स्कुल विभाग**

प्रथम संस्करण : २०६७ (ई.सं. २०१०)

पाण्डुलिपि ईन्टरनेटबाट प्राप्त गर्न र अनुवादको लागि आधिकारिक अनुमती प्रदान
साउथरन एशिया डिभिजन अभ सेभेन्थ-डे एडभेन्टिस्ट

प्रकाशन सहयोगी - अमर पोते

कम्प्यूटर लेआउट तथा आवरण चित्र - संदीप कुमार साह तथा सुजीत साह

प्रकाशनको लागि आर्थिक सहयोग : डेनमार्ककी गैर-मिशन कर्मचारी महिला

**(बाइबल साथमा लिएर यस पुस्तकलाई अध्ययन गर्नुहोला)**

अनुवादकको अनुरोधः पाठकवृन्धहरूले यस अध्ययनमा भएका त्रुटिहरू औंल्याएर सुधार गर्न सुझाव दिनुभएमा अनुवादक आभारित हुनेछन्

सहयोगको लागि रू. ५०/-
**प्रकाशक**
पा. उमेश कुमार पोखरेल,
निर्देशकः पब्लिशिङ्ग डिपार्टमेन्ट नेपाल फिल्ड अभ एसडिए चर्च, फोनः ६६३७१८१,
umsan@wlink.com.np

सम्पर्कः-
एल्डर कुबेर लामिछाने ☎ ९८४१७१५०९५
एल्डर मदन आचार्यः निर्देशक इष्ट हिमालयन रिजन जलपाईगुरी, पश्चिम बंगाल,
☎००९१९४३४५००९८३/००९१९००२५५३२०४
एल्डर भजुराम श्रेष्ठ, ☎ ५५२७८३० **bhajupurna@gmail.com**

## अस्थाई पाना

<u>सुझाव:</u> त्रैमासिक अध्ययन – अषाढ १२-आश्विन ८, २०६७ (जुन २६-सेप्टेम्वर २४, २०१०)पछि आफ्नो इच्छा अनुसार यो पाना च्याती दिनुहोला। प्रत्येक अध्याय शनिवार बेलुकादेखी शुक्रबार बेलुकासम्मको अध्ययन तीथि तोकिएको छ। तद्अनुसार जब यो अध्ययन चर्चमा सिकाउनु पर्दा प्रत्येक शुक्रबार सम्म अध्ययन गरेको अध्याय शनिबार बिहान अर्थात शबाथमा सिकाउनु होला। याद गर्नुहोस्, यस अध्ययन पुस्तिकालाई बाइबलको हस्तपुस्तिकाको रूपमा उपयोग गर्नु हुन सुझाव गरिन्छ। अरूलाई बाइबल सम्वन्धी शिक्षा दिनु यो अत्यन्त उपयोगी श्रोत हो।

| | | |
|---|---|---|
| १ | अध्याय १ | अषाढ १२-१८(जुन २६-जुलाई २) |
| २ | अध्याय २ | अषाढ १९-२५(जुलाई ३-९) |
| ३ | अध्याय ३ | अषाढ २६-३२(जुलाई १०-१६) |
| ४ | अध्याय ४ | श्रावन १-७(जुलाई १७-२३) |
| ५ | अध्याय ५ | श्रावन ८-१४(जुलाई २४-३०) |
| ६ | अध्याय ६ | श्रावन १५-२१(जुलाई ३१-अगस्त ६) |
| ७ | अध्याय ७ | श्रावन २२-२८(अगस्त ७-१३) |
| ८ | अध्याय ८ | श्रावन २९-भदौ ४(अगस्त १४-२०) |
| ९ | अध्याय ९ | भदौ ५-११(अगस्त २१-२७) |
| १० | अध्याय १० | भदौ १२-१८(अगस्त २८-सेप्टेम्वर ३) |
| ११ | अध्याय ११ | भदौ १९-२५(सेप्टेम्वर ४-१०) |
| १२ | अध्याय १२ | भदौ २६-आश्विन १(सेप्टेम्वर ११-१७) |
| १३ | अध्याय १३ | आश्विन २-८(सेप्टेम्वर १८-२४) |

# विषयसूची


| अध्याय | | पृष्ठ |
|---|---|---|
| १ | पावल र रोम | १ |
| २ | यहूदी र गैर-यहूदी | १३ |
| ३ | सबैले पाप गरेका छन् | २५ |
| ४ | परमेश्वरमाथिको विश्वासले धर्मी ठहरिनु | ३७ |
| ५ | दोषमुक्ति र परमेश्वरका दश आज्ञा | ४९ |
| ६ | विश्वासको व्याख्या | ६१ |
| ७ | पापमाथि विजय | ७३ |
| ८ | रोमीको पुस्तकमा औँल्याएको पुरुष | ८५ |
| ९ | येशूमा पूर्ण स्वतन्त्रता | ९७ |
| १० | मुक्ति भनेको यहूदी र गैर यहूदी अर्थात् सबै मानिसको निम्ति हो | १०७ |
| ११ | अनुग्रहको रोजाइ | १२१ |
| १२ | प्रेम र दश आज्ञा | १३३ |
| १३ | बाँकि सबै टिप्पनी | १४५ |

भूमिका

# "रोमीको पुस्तकमा मुक्ति"

"म एकदम कट्टर इसाई भिक्षु थिएँ। चर्चका नियमहरू मैल कत्तिको अक्षरस पालन गरें सो मैले वाख्या गर्नै सक्दिन।  यदि कोहि तपस्या वा अथक प्रयासद्वारा भिक्षु तथा सन्यासी भएर स्वर्ग जान सक्छ भने निश्चय नै त्यसको लागि म योग्य थिँए। यदि मैले यस भिक्षु जीवनलाई निरन्तरता दिएको भए मैले मेरो ज्यानलाई नै बली दिन्थैं।"

तर कुरो त के भने यस भिक्षुले धर्मको नाउँमा जतिसुकै मानविय काममा तल्लिन भएपनि परमेश्वरले उनलाई स्विकार गर्नुभएको थियो भनेर उनले कहिलै पनि आभास पाएन। मोक्षको निम्ति उनी असल र योग्यको छ भनेर उनले कहिलै पनि विश्वास गरेन। गधालाई धोएर गाई बन्न नसक्ने भनेको झैं उनी पापी भएकोले आफ्नो अथक प्रयासद्वारा परमेश्वरको स्यावास पाउन आफू योग्य भएको कहिलै पनि ठानेन। उनी एकदम उदासिन भए। त्यस उदासिनता तथा दिग्दारीपनाले उनको मन र शरीरलाई क्षतविक्षत गर्न थाल्यो। पापी भएकोले परमेश्वरको अन्तिम सजायँ भोग्नु पर्ने त्रास उनमा थियो।

हुन त त्यस त्रासबाट को वँचित होला र?
अनि एकदिन, उनी बाइबल पढ्थै थिए। त्यस बाइबलमा उल्लेखित एउटा पद उनको दिमागमा उफ्रन थाल्यो। त्यस पदले उनको मात्र होइन सारा संसारको इतिहास नै बदलाइदियो। त्यो पद थियो, "जो व्यक्ति परमेश्वरसँग ठिक हुन्छ त्यो व्यक्ति विश्वासद्वारै जीउँछ।" (रोमी १:१७ रूपान्तरित)।

सत्यको निम्ति त्यस इसाई भिक्षुले आफ्नो दिमाग खोलेको थियो। उनको धार्मिक जीवनमा प्रथम पल्ट उनले यो पत्ता लगाए, "ऐ, मेरो त्याग तपस्या तथा धर्मकर्मले होइन तर येशू मेरो निम्ति मर्नुभएकोले नै मलाई परमेश्वरले स्विकार गर्नुहुन्छ ।" यो सत्यलाई अङ्गालेपछि उनको जीवनले काँचुली फेरेको थियो। अबदेखि कहिलै पनि मानिसले आविश्ंकार गरेका धर्मकर्म र आस्थाले मोक्ष पाउँछ भन्ने गलत धारणामा म लाग्दिन भनेर उनले

प्रण गरे। मुक्ति भनेको येशूको धार्मिकतामा भर पर्छ जुन उहाँलाई विश्वास गर्नेलाई सित्तैंमा उपलव्ध गराइएको छ भन्ने नयाँ जागरण धारणाले त्यस भिक्षुको दिमागमा अट्टल जग बसालिएको थियो।

ती भिक्षु अरू कोहि नभएर युरोपको मध्यकालिन युगका प्रखर रोमन क्याथोलिक इसाई विद्वान मार्टिन लुथर थिए। परमेश्वरले लुथरमार्फत भयङ्कर ठूलो धार्मिक जागरण सुरु गर्नु भएको थियो। यो जागरण इसाई इतिहासमा स्वर्ण अक्षरले लेखिएको पाउँछौं। त्यो जागरणको नाउँ होः प्रोटेस्टेन्ट रिफोरमेशन अर्थात् पोपको आधिपत्यसँग असहमत जनाउने इसाई सुधारवादि अभियान।

लुथरले यो धार्मिक जागृति येशूका प्रखर भक्त पावलले लेखेका रोमीको पुस्तकबाटै सुरू गरेका थिए। यस अध्ययन पुस्तिकाको विषयवस्तु नै रोमीको पुस्तक हो। रोमन क्याथोलिक चर्चको धार्मिक आधिपत्यलाई चुनौती दिने विद्रोहको आगो रोमीको पुस्तकबाट नै सुरू भएको थियो। यस रोमीको पुस्तकले इसाई चेतनाको इतिहासमा महत्वपूर्ण भूमिका खेलेको पाउँछौं। इसाई इतिहासमा भएका महान् आन्दोलनहरूका सुरुवात नै पावलले लेखेका रोमीहरूको पत्रबाट सुरू गरिएको थियो। ती आन्दोलनहरूका प्रमूख सुरुवात चाहिँ विशुद्ध सुसमाचारतिर फर्क र विश्वासद्वारा धर्मी ठहर्नु भन्ने विषयवस्तु थिए। यी दुई धारणाहरू नै रोमीको पत्रका प्रमूख विषयवस्तु हुन्। पावलका यस रोमी पत्रले सुसमाचारलाई पूर्ण रूपमा चित्रण गरिएको छ। सारा पापीहरूलाई आशाको उज्यालो यहि पुस्तकले प्रदान गरिएको छ।

एउटा महत्वपूर्ण नियम पालन गरेर रोमीको पत्र अध्ययन गर्नेछौं। त्यो नियम होः बाइबलका शव्दहरूको अर्थलाई प्रारम्भिक रोमीहरूले कसरी बुझेका थिए भनेर हामी पत्ता लगाउन खोज्नेछौं। ती शव्दहरूको प्रारम्भिक अर्थलाई पनि हेर्न कोशिष गर्नेछौं। अनि, वर्तमान परिप्रेक्ष्यमा त्यसको अर्थ हाम्रो निम्ति के छ भनेर पनि अध्ययन गर्नेछौं। ती पदहरूका अर्थमा परिवर्तन भएको छ भनेर हामीले भन्न खोजेको होइन। तर बाइबलले सिकाएका सत्यहरूलाई वर्तमान सन्दर्भमा हेर्नु जरुरी छ भनेर हामी दावी गर्दछौं। रोमीको पत्रमा लेखिएका पदहरूलाई वर्तमान जीवनको सेरोफेरोमा हेर्नुपर्छ भन्ने हाम्रो धारणालाई यहाँ प्रस्तुत गर्नेछौं।

त्यस ताकाका रोममा भएका इसाईहरूका निम्ति पावलले व्यक्त गरेका शव्दहरूका अर्थ के थिए भनेर पहिले हामीले पत्ता लगाउनुपर्दछ। तिनीहरूलाई पावलले के भनीरहेका थिए? र किन? विषेश कारणले गर्दा पावलले ती रोमका इसाई समूहलाई यो पत्र लेखेका थिए। ती इसाईहरूले झेलिरहेका केहि विषयवस्तुहरूलाई स्पष्ट पार्नुपरेको थियो। तर उनीहरूका निम्ति पावलले व्यक्त गरेका ती महान् सत्य तथा वाणीहरूका अर्थ तिनीहरूको निम्ति मात्रै सिमित थिएन। बरू इसाई इतिहासमा शताव्दियौँदेखि ती शव्दहरू घन्काइ रहेको हामी पाउँछौं। ती शव्दहरूले करौडौं इसाईहरूलाई सुससमाचारको मर्मतिर तानी रहेको पाउँछौ। धर्मकर्मद्वारा होइन विश्वासद्वारा हामी धर्मी ठहरिन्छौं भन्ने प्रमूख इसाई दिक्षा ती शव्दहरूले व्यक्त गरेकाले नै ती इसाईहरूले येशूमा राहत पाएको महशूस गरेका थिए, र अहिले पनि गरिरहेका छन्। मार्टिन लुथर र करौंडौं इसाईहरूले भोगिरहेका अन्धकारलाई त्यस रोमीको पुस्तकबाट ज्योति बालेर ती अन्धकारलाई हटाइएको थियो। येशू ख्रीष्टले पापीहरूलाई क्षमा दिनुहुन्छ र उहाँले नै तिनीहरूका पापलाई धोएर तिनीहरूलाई स्वच्छ बनाउनुहुन्छ भन्ने महान् सत्यता यहि रोमीको पुस्तकमा अटल बत्ती जस्तै बलिरहेको हामी पाउँछौं। अनि, मुक्ति भनेको विश्वासबाट मात्र प्राप्त हुन्छ भन्ने महान् विषय यही पत्रका पानाहरूबाट ज्योतिको किरण जस्तै निक्लिरहेको हामी पत्ता लगाउनेछौं।

यस अध्ययनका लेखक डन न्युफिल्ड (१९१४-१९८०) हुन्। उहाँ १३ वर्षसम्म (१९६७-१९८०) एडभेन्टिस्ट चर्चको मुखपत्र एडभेन्टिस्ट रिभ्युका उपसम्पादक थिए। एसडिए मिमांसा शृङ्खलाका सम्पादकहरूमा उहाँ पनि एक हुनुहुन्थ्यो।